बुद्धशान्ति गाउँपालिका

बुधवारे, झापा

# २०८३ श्रावण महिनामा बसेको कार्यपालिका बैठकका निर्णयहरु

मितिः २०८३।०४।०५ गते पहिलो बैठकका निर्णयहरु

१. यस गाउँपालिका वडा नं १ स्थित श्री बिन्दाबासिनी महिला उद्यमी समूह नामक संस्था यस कार्यालयमा दर्ता नं.७० मिति २०८१।०९।२८ मा दर्ता भएको । साथै, यस गाउँपालिकाको संघ संस्था दर्ता सम्बन्धी ऐन, २०७५ दफा १४ बमोजिम दर्ता खारेजी हुन मिति २०८३।०३।०७ को साधारण सभाको निर्णय सहित पेश भएको र सो सम्बन्धमा दावी विरोधको ७ दिने सूचना प्रकाशन गरी आवश्यक कागजात सहित पेश भएको उक्त संस्थाको दर्ता खारेज गर्ने ।

२. बर्खा स्मृति प्रतिष्ठान,बुद्धशान्ति ३ झापाको मिति २०८३।०४।०१ गते पेश गरेको पत्रानुसार यस गाउँपालिकाको प्राङ्गणबाट प्रथम बर्खा स्मृति प्रतिष्ठान हाफ मेरेथोन सञ्चालन गर्न मिति २०८३।०४।१९ गतेलाई अनुमति प्रदान गरी सो दिन विहान ७.०० बजेका लागि यस गाउँपालिकाको प्राङ्गण उपलब्ध गराउने निर्णय गरियो ।

३. बिल्डकन इन्डस्ट्रिज प्रा.लि., अर्जुनधारा-७ झापा मार्फत उत्पादन गरेका इन्टरलकिङ्ग पेवर्स प्रयोग भएका योजनाहरुमा उक्त प्रा.लि.को प्रतिवद्धता बमोजिम जडान गरेको ५ बर्ष भित्र टुटफुट एवं मर्मत गर्नुपर्ने प्रकृतिको योजनाहरु वडा कार्यालय मार्फत संकलन गरी सो विवरण बमोजिमका योजनाहरु मर्मत गरिदिन बिल्डकन इन्डस्ट्रिज प्रा.लि., अर्जुनधारा ७, झापालाई पत्राचार गर्ने ।

४. लम्पि स्किन रोग नियन्त्रणका लागि पालिकाका ७ वटै वडामा खोप अभियान संचालन गर्न नियमानुसार नियुक्त भएका भ्याक्सिनेटरहरुलाई प्रति गोटा खोप बापतको रकमका अतिरिक्त यातायात सहजताका लागि प्रति भ्याक्सिनेटर मासिक १० लिटर पेट्रोल उपलब्ध गराइ अभियान संचालन गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विषयहरुको विस्तृत विवरण कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।